तनहुँ जिल्ला अदालत
दमौली, तनहुँ
(मेलमिलाप शाखा)

: ०६५-५६३१९५

पत्र संख्या : २०८०/०८१
प्राप्त पत्र संख्या र मिति :
च.नं.

Email: info.dctanahun@supremecourt.gov.np
Web: www.supremecourt.gov.np/court/tanahundc

मिति: २०८०।५।१२

# सूचना ! सूचना !! सूचना !!!

**विषय: मेलमिलापकर्ताको नयाँ सूचीकरण र पुरानो अद्यावधिक गर्ने सम्बन्धमा ।**

मेलमिलाप सम्बन्धी नियामावली, २०७० को नियम ९ बमोजिम मुद्दा हेर्ने निकाय, स्थानीय निकाय वा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले प्रत्येक वर्ष मेलमिलापकर्ताको नयाँ सूचीकरण र पुरानो अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस अदालतको मेलमिलाप केन्द्रमा सूचिकृत रहेकाहरूको सूची अद्यावधिक गर्न र नयाँ मेलमिलापकर्ता सूचिकृत हुन तपसिलमा उल्लिखित कागजात राखि यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
४. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,
५. मेलमिलापकर्ताको पासपोर्ट साईजको फोटो २ प्रति,
६. मेलमिलाप सम्बन्धीकार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषद्बाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृत पत्रको प्रतिलिपि, संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि ।

.....................................
(केशवप्रसाद पौड्याल)
स्रेस्तेदार (उपसचिव)

**नोट: निवेदन फारम यस अदालतको मेलमिलाप केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।**